# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७८/७९
च. नं.

## सूचनाको हक कार्यान्वयनमा संसदीय समितिहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्बन्धी प्रेस विज्ञप्ति

राष्ट्रिय सूचना आयोगको आयोजनामा सूचनाको हक कार्यान्वयनमा संसदीय समितिको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले गर्नुभएको थियो भने । कार्यक्रमको प्रमुख अतिथि विकास तथा प्रविधि समितिका माननीय सभापति कल्याणी कुमारी खड्काले गर्नुभएको थियो । उक्त कार्यक्रममा संसदीय समितिका माननीय सभासदहरु आयोगका आयुक्त कमला ओली थापा र रत्न प्रसाद मैनाली, संसद सचिवालयका महासचिव, समितिका प्रमुख सचिवहरु, सञ्चारकर्मी, आयोगका कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथी विकास तथा प्रविधि समितिका सभापति कल्याणी कुमारी खड्काले विषयगत समितिहरुले निति निर्माणको क्रममा विभिन्न ऐनहरु निर्माणको क्रममा छलफल चलाउनुपर्ने समितिहरुबाट समय समयमा जारी गरिने निर्देशनहरु कार्यान्वयनको अवस्थाको अनुगमन गर्नु प्रत्येक सभासदको कर्तव्य रहेको बताउनुभयो । नागरिकलाई सूचनाको हकको बारेमा सूसुचीत बनाउन समितिका सदस्यहरुले आ आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङ्गले राष्ट्रिय सभा र प्रतिनिधि सभाका विभिन्न समितिका सदस्य र कर्मचारीहरुको उपस्थितिका लागि विशेष धन्यवाद दिनुभयो । सूचनाको हकको कार्यान्वयनको लागि आयोगले विभिन्न कार्य गरिरहेको छ । सार्वजनिक निकायका पदाधिकारीले सूचनाको हक कार्यान्वयन नगरेमा आयोगले कारवाही गर्दै आएको, सूचना मागको क्षेत्रगत आधारलाई हेर्दा सबैभन्दा धेरै सूचना माग स्थानीय तहसँग सम्बन्धीत रहेको बताउनुभयो । सूचना आयुक्त रत्नप्रसाद मैनालीले स्वागत मन्तव्यको क्रममा राज्यको चरित्र भनेको नीति नियम कानून बनाएर त्यसलाई प्रचलनमा ल्याउनु हो । जननिर्वाचित विधायिकाबाट विधान निर्माण हुने भएको विधान निर्माणको क्रममा सूचनाको हकसँग बाझिने खालका कानून निर्माण नगरिदिन आग्रह गर्नुभयो । संघीय संसदका महासचिव डा. भरतराज गौतमज्यूले सूचनाको हकलाई संकुचित गरेर प्रजातन्त्र मजबुत हुन नसक्ने, सूचनाको हकलाई कार्यान्वयन गर्नको लागि संसद बैठकहरु लाइभ रुपमा प्रत्यक्ष

प्रसारण हुने गरेको, विषयत समितिले संसदमा प्राप्त भएका प्रतिवेदन उपर छलफल चलाउदै र प्रतिवेदन नै तयार पारेर सम्बन्धित पक्षलाई बोलाएर छलफल समेत गर्ने गरेको बताउनुभयो ।

खुल्ला छलफलको क्रममा माननीय सभासद समिना हुसैनले पारदर्शिताको लागि सूचनाको हक कार्यान्वयन गर्न प्रत्येक राजनैतिक दलले आत्मसाथ गरेको खण्डमा पारदर्शिता, जवाफदेहीतामा अभिवृद्धि हुने बताउनुभयो । माननीय रंगमती शाही नागरिकलाई यथार्थ जानकारी दिएमा मात्र राज्यप्रति तिनिहरुको विश्वास बढ्ने कुरा बताउनुभयो । माननीय झपट रावलले राजनैतिक परिवर्तन भयो तर संस्कार र संस्कृत परिवर्तन नभएको मुखसँग सँगै हातखुट्टा पनि सँगै चल्नुपर्ने कुरा बताउनुभयो । माननीय यज्ञराज सुनुवारले सूचनाको हक कार्यान्वयनमा भएको कार्यक्रमको प्रसंशा गर्दै थप कार्य गर्नुपर्ने अवस्था रहेको विचार व्यक्त गर्नुभएको थियो ।

कमला ओली थापा
सूचना आयुक्त तथा प्रवक्ता

२०७९ साल जेठ १६, सोमबार